# सुदूरपश्चिम विश्वविद्यालय
# Far Western University (FWU)

## अनलाइन तथा मिश्रित सिकाइ (Online and Blended Learning ) कार्यक्रम सञ्चालन निर्देशिका, २०८२

**सुदूरपश्चिम विश्वविद्यालय सभा तथा कार्यकारी परिषद्को सचिवालय**
**महेन्द्रनगर, कञ्चनपुर, नेपाल**

## बिषय सुची

*परिच्छेद १: प्रारम्भिक* ..... *3*

*परिच्छेद २: डिजिटल सिकाइ वातावरण र पूर्वाधार विकास* ..... *5*

*परिच्छेद ३: विद्यार्थी भर्ना प्रक्रिया र कक्षा संचालन* ..... *6*

*परिच्छेद ४: नियमित कक्षा संचालन तथा प्रत्यक्ष सम्पर्क कक्षा (Online Class and Contact Session)* ..... *7*

*परिच्छेद ५: डिजिटल पाठ्यक्रम विकास (Digital Curriculum Mapping)* ..... *8*

*परिच्छेद ६: LMS मा कोर्स डिजाइन र शिक्षकका भूमिका* ..... *9*

*परिच्छेद ७: मूल्यांकन प्रक्रिया र डिजिटल प्रणालीमा अंक विभाजन* ..... *10*

*परिच्छेद ८: प्रयोगात्मक कार्य सञ्चालन* ..... *11*

*परिच्छेद ९: अनुगमन, मूल्याङ्कन र व्यवस्थापन समिति* ..... *12*

*परिच्छेद १०: शिक्षक क्षमता विकास र मानव संसाधन* ..... *13*

सुदूरपश्चिम विश्वविद्यालय (Far Western University)
विद्युतीय माध्यम (अनलाइन) र मिश्रित सिकाइ (Blended Learning) विधिबाट गरिने कक्षा सञ्चालन एवं शैक्षिक कार्यक्रम सञ्चालन सम्बन्धी कार्यसञ्चालन निर्देशिका, २०८२

सुदूरपश्चिम विश्वविद्यालय संगठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम, २०६९ (संशोधन सहित) परिच्छेद ५ को नियम ७५ ले दिएको अधिकार प्रयोग गरी सुदूरपश्चिम विश्वविद्यालय कार्यकारी परिषद्ले देहायको कार्यसञ्चालन निर्देशिका बनाएको छ।

## परिच्छेद १: प्रारम्भिक:

**१.१ सं**क्षिप्त नाम र प्रारम्भ : (१) यो निर्देशिका नाम “विद्युतीय माध्यम (अनलाइन) र मिश्रित सिकाइ (Blended Learning) विधिबाट गरिने कक्षा सञ्चालन एवं शैक्षिक कार्यक्रम सञ्चालन सम्बन्धी कार्यसञ्चालन निर्देशिका, २०८२ रहेको छ।

२.१ परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विनियममा:

१. विश्वविद्यालय: यस निर्देशिकामा "विश्वविद्यालय" भन्नाले सुदूरपश्चिम विश्वविद्यालय (Far Western University) लाई सम्झनुपर्ने छ।

२. ऐन: "ऐन" भन्नाले सुदूरपश्चिम विश्वविद्यालय ऐनलाई सम्झनुपर्ने र सो ऐनले दिएको अधिकार प्रयोग गरी यो निर्देशिका बनाइएको छ।

३. विनियम वा निर्देशिका: "विनियम" वा "निर्देशिका" भन्नाले सुदूरपश्चिम विश्वविद्यालयको अनलाइन तथा मिश्रित सिकाइ कार्यक्रम सञ्चालन सम्बन्धी यो कार्यसञ्चालन निर्देशिकालाई बुझाउने छ।

४. केन्द्र: "केन्द्र" भन्नाले विश्वविद्यालय अन्तर्गत स्थापना गरिएको अनलाइन शिक्षा केन्द्रलाई सम्झनुपर्ने छ।

५. क्याम्पस: "क्याम्पस" भन्नाले सुदूरपश्चिम विश्वविद्यालयका आङ्गिक क्याम्पसहरू र विश्वविद्यालयबाट सम्बन्धन प्राप्त क्याम्पसहरूलाई समेत जनाउने छ।

६. विभाग: "विभाग" भन्नाले विश्वविद्यालयका केन्द्रीय विभागहरू तथा क्याम्पस अन्तर्गत रहेका प्राज्ञिक विभागहरूलाई सम्झनुपर्ने छ।

७. शिक्षक: "शिक्षक" भन्नाले अनलाइन वा मिश्रित सिकाइ कार्यक्रममा शिक्षण कार्यमा संलग्न प्राध्यापक, सह-प्राध्यापक उप-प्राध्यपक र सहायक प्राध्यापकहरूलाई बुझाउने छ।

८. विद्यार्थी: "विद्यार्थी" भन्नाले विश्वविद्यालयका अनलाइन वा मिश्रित शिक्षा कार्यक्रममा भर्ना भई अध्ययन गरिरहेका विधार्थीहरूलाई सम्झनुपर्ने छ।

९. अनलाइन सिकाइ (Online Learning): इन्टरनेट र डिजिटल उपकरणहरूको प्रयोग गरी शिक्षक र विद्यार्थी भौतिक रूपमा अलग रहेर गरिने सिकाइ विधिलाई अनलाइन सिकाइ भनिने छ।

१०. मिश्रित सिकाइ (Blended Learning): भौतिक कक्षाकोठाको शिक्षण र अनलाइन प्रविधिको सिकाइलाई संयोजन गरेर सञ्चालन गरिने विधिलाई मिश्रित सिकाइ भनिने छ।

११. सिकाइ व्यवस्थापन प्रणाली (Learning Management System): अनलाइन सिकाइ सामग्री वितरण, विद्यार्थीको प्रगति ट्र्याकिङ र मूल्यांकनका लागि प्रयोग गरिने सफ्टवेयर प्रणालीलाई एलएमएस (LMS) भनिने छ।

१२. भर्चुअल कक्षा (Virtual Class): इन्टरनेटको माध्यमबाट शिक्षक र विद्यार्थीबीच प्रत्यक्ष संवाद हुने विद्युतीय कक्षालाई भर्चुअल कक्षा भनिने छ।

१३. सिङ्क्रोनस सिकाइ (Synchronous Learning): शिक्षक र विद्यार्थी एउटै समयमा अनलाइनमार्फत जोडिएर गरिने सिकाइ (जस्तै: लाइभ भिडियो कन्फरेन्सिङ) लाई सिङ्क्रोनस सिकाइ भनिने छ।

१४. असिङ्क्रोनस सिकाइ (Asynchronous Learning): शिक्षकले पहिले नै तयार पारेका सामग्रीहरू (जस्तै: रेकर्ड गरिएको भिडियो) विद्यार्थीले आफ्नो अनुकूल समयमा अध्ययन गर्ने विधिलाई असिङ्क्रोनस सिकाइ भनिने छ।

१५. फ्लिप्ड कक्षाकोठा क्लासरुम (Flipped Classroom): विद्यार्थीले सैद्धान्तिक ज्ञान अनलाइन सामग्रीमार्फत पहिले नै प्राप्त गर्ने र कक्षाकोठाको समयमा छलफल तथा प्रयोगात्मक कार्य गर्ने विधिलाई फ्लिप्ड क्लासरुम भनिने छ।

१६. क्रेडिट (Credit): कुनै विषयको सिकाइ उपलब्धि हासिल गर्न विद्यार्थीले खर्च गर्नुपर्ने न्यूनतम समय (जस्तै: १६ घण्टाको कक्षा शिक्षण र ३२ घण्टाको स्व-अध्ययन) लाई क्रेडिट भनिने छ।

१७. ई-सिकाइ सामग्री (e-Learning Material): डिजिटल ढाँचामा तयार पारिएका भिडियो, अडियो, ई-पुस्तक, र क्विज जस्ता संरचित शैक्षिक सामग्रीहरूलाई ई-सिकाइ सामग्री भनिने छ।

१८. निगरानी सहितको परीक्षा (Proctored Examination): प्रविधिको प्रयोग गरी वा प्रत्यक्ष निगरानीमा परीक्षार्थीको पहिचान र परीक्षाको निष्पक्षता सुनिश्चित गर्दै लिइने परीक्षालाई निगरानी परीक्षा भनिने छ।

१९. व्यवस्थापन समिति: अनलाइन तथा मिश्रित शिक्षा कार्यक्रमको नीति निर्माण, अनुगमन र गुणस्तर सुनिश्चित गर्न गठित उच्चस्तरीय समितिलाई व्यवस्थापन समिति भनिने छ।

यस निर्देशिकाको सफल कार्यान्वयनका लागि माथि उल्लेखित परिभाषाहरूलाई आधार मानिने र यसमा कुनै द्विविधा भएमा विश्वविद्यालयको कार्यकारी परिषद्को निर्णय अन्तिम हुनेछ।

## परिच्छेद २: डिजिटल सिकाइ वातावरण र पूर्वाधार विकास

२.१ विश्वविद्यालयले अनलाइन शिक्षाको आधिकारिक माध्यमको रूपमा Open-Source Framework मा आधारित LMS (जस्तै, Moodle, etc ) प्रणालीलाई केन्द्रीय स्तरमा स्थापना गरी कार्यान्वयनमा ल्याइने छ। यस प्रणालीलाई विश्वविद्यालयको आवश्यकता अनुसार अनुकुलन (Customized) र नियमित अद्यावधिक (Update) गरिने छ। यसरी निर्माण गरिने पोर्टल केन्द्रीकृतरूपमा व्याबस्थापन गरिने छ जसको वेब पोर्टल (जस्तै, www.elearning.fwu.edu.np) बनाउन सकिने छ।

२.२ LMS प्रणालीको हरवखत (24/7 Uptime) र कार्यक्षमता सुनिश्चित गर्न विश्वविद्यालयको डाटा सेन्टर वा नेपाल सरकारको स्वामित्वमा रहेका डाटा सेन्टर वा नेपाल सरकारले तोकेका मापदण्ड पुरा गरेका Scalable Cloud मा Hosting को व्यवस्था मिलाइने छ। साथै, विद्यार्थी र शिक्षकहरूले जुनसुकै स्थानबाट सहजै पहुँच लागि मोबाइल एप (Mobile APP) को पूर्ण सुनिश्चिता गरिने छ।

२.३ भर्चुअल सिकाइ वातावरण (Virtual Learning Environment-VLE) अन्तर्गत हुने प्रत्यक्ष सिकाइका लागि Microsoft Teams वा Zoom वा Google Meet जस्ता भिडियो कन्फरेन्सिङ टुल्सलाई LMS API सँग Integration गरी Single Sign-On (SSO) मार्फत कक्षाहरू सञ्चालन गरिने छ। यसरी प्रयोग गर्दा विश्वविद्यालय/डीन कार्यालय/ विभाग/ क्याम्पसको अफिसियल ईमेल (जस्तै student1@fwu.edu.np) प्रयोग गरिने छ।

२.४ शिक्षण सिकाइलाई प्रभावकारी बनाउन र शिक्षकहरूलाई अनलाईनमा काम गर्न सहज बनाउन प्रत्येक संकाय र आङ्गिक क्याम्पस वा विभागमा Fiber Optic Backbone मार्फत उच्च गतिको Dedicated Internet Bandwidth सुनिश्चित गरिने छ र सबै शैक्षिक भवनहरूमा Managed Wi-Fi Hotspots विस्तार गरिने छ।

२.५ अनलाइन तथा हाइब्रिड कक्षा सञ्चालन हुने प्रत्येक डिजिटल कक्षाकोठामा HD Auto-focus Camera, Noise-cancelling Microphones र Interactive Display System जस्ता प्राविधिक पूर्वाधारको अनिवार्य व्यवस्था गरि शिक्षण सामग्रीको विकास गरिने छ।

२.६ अध्ययन सामग्रीको सहज उपलब्धताका लागि एक केन्द्रीय e-Library (Digital Repository) को विकास गरिने छ। यसमा प्रयोग हुने डाटाको सुरक्षा र दीर्घकालीन भण्डारणका लागि High-Capacity Storage Servers र Metadata Management को व्यवस्था मिलाइने छ।

२.७ साइबर सुरक्षालाई उच्च प्राथमिकता दिँदै समय-समयमा सुरक्षा परीक्षण (Security Audit) र सम्वेदनशील मूल्याङ्कन ( Vulnerability Assessment) गराइने छ।

२.८ क्याम्पसहरू बीचको आन्तरिक सञ्चार र डाटा आदानप्रदानलाई सुरक्षित बनाउन Virtual Private Network (VPN) टनेलको प्रयोग गरिने छ। यस पूर्वाधारको नियमित मर्मत सम्भारका लागि Annual Maintenance Contract (AMC) र प्राविधिक टोलीको व्यवस्था गरिने छ।

२.९ गुणस्तरीय भिडियो सामग्री उत्पादन गर्न अत्याधुनिक Digital Multimedia Studio को स्थापना गरिने छ। उत्पादित सामग्रीहरूको सुरक्षाका लागि Incremental Backup र Off-site Data Recovery प्रणालीको अवलम्बन गरिने छ।

२.१० प्रयोगकर्ताको पहिचान र सुरक्षाका लागि Identity and Access Management (IAM) नीति अनुरूप छुट्टै युजर आईडी र पासवर्ड प्रदान गरिने छ। विद्यार्थीको उपस्थितिलाई LMS Logs वा सुरक्षीत लगईन मार्फत स्वचालित रूपमा रेकर्ड गरिने छ।

२.११ समावेशी शिक्षाको अवधारणा अनुरूप अपाङ्गता भएका विद्यार्थीहरूका लागि LMS मा Screen Readers र WCAG (Web Content Accessibility Guidelines) मापदण्ड बमोजिमका सुविधाहरू सुनिश्चित गरिने छ।

२.१२ प्राविधिक अवरोधहरूलाई तत्काल सम्बोधन गर्न केन्द्र, विभाग/ क्याम्पस स्तरमा 'आईटी सहायता डेस्क' (IT Helpdesk) स्थापना गरिने छ। समस्या दर्ता र समाधानका लागि एक व्यवस्थित Ticketing System कार्यान्वयनमा ल्याइने छ। यसले चार तहमा सहयोग गर्ने छ। जसमा (१) अडियो-भिडियो म्यानुअल: शिक्षकहरूलाई सिस्टम चलाउन सिकाउने सरल अडियो र भिडियो सहितको डिजिटल म्यानुअल, (२) अनलाइन ग्रुप सपोर्ट: मेसेन्जर वा ह्वाट्सएप ग्रुपमार्फत तत्काल समस्या समाधान र सामूहिक प्राविधिक सहयोग, (३) फोन सपोर्ट: आकस्मिक प्राविधिक समस्या परेमा IT Center मा सिधै फोन गरेर विज्ञको परामर्श र (४) भौतिक सपोर्ट: अनलाइनबाट समाधान नभएमा शिक्षकले IT Center मा आएर वा भौतिक रूपमा सहयोग पाउने।

२.१३ विद्युतीय अवरोधका कारण सिकाइ प्रक्रिया प्रभावित हुन नदिन सबै क्याम्पसहरू वा विभागहरूले अनिवार्य रूपमा उच्च क्षमताको Redundant Power Supply (UPS & Generator) र Power Distribution Units (PDU) को व्यवस्था गर्नेछन।

## परिच्छेद ३: विद्यार्थी भर्ना प्रक्रिया र कक्षा संचालन

३.१ विश्वविद्यालयको आधिकारिक Online Admission Portal मार्फत मात्र विद्यार्थी भर्नाका लागि आवेदन लिइने छ। आवेदकले आफ्नो व्यक्तिगत विवरण र शैक्षिक कागजातहरू डिजिटल स्क्यान गरी अनिवार्य रूपमा अपलोड गर्नुपर्ने छ।

३.२ भर्ना प्रक्रियालाई सरल बनाउन Integrated Online Application Form को व्यवस्था गरिने छ, जहाँ विद्यार्थीले एकै पटकमा आफ्नो प्राथमिकता अनुसारका विषयहरू (Program Preferences) छनोट गर्न सक्नेछन्। जसलाई विश्वविद्यालयकोको अन्य प्रवेश परीक्षासंग (जस्तै, www.elearning.fwu.edu.np) जोड्न सकिने छ।

३.३ शुल्क भुक्तानीका लागि ConnectIPS, eSewa वा Khalti जस्ता डिजिटल भुक्तानी प्रणाली (Payment Gateways) लाई पोर्टलसँग एकीकृत गरिने छ।

३.४ भर्नाका लागि लिइने Online Entrance Examination एक सुरक्षित Proctored System मार्फत सञ्चालन पनि गर्न सकिने छ, जसमा परीक्षार्थीको गतिविधि निगरानी गर्न वेबक्याम र एआई (AI) प्रविधिको प्रयोग गरिने छ। यस्ता सिस्टमहरू चरणबद्ध रुपमा संचालनमा लगिने छन्।

३.५ अनलाइन प्रवेश परीक्षामा वस्तुगत (MCQs) र तार्किक प्रश्नहरू समावेश गरिने छन्। परीक्षाको समयमा हुन सक्ने प्राविधिक अवरोधलाई सम्बोधन गर्न परीक्षार्थीका लागि Trial/Mock Test को सुविधा अनिवार्य रूपमा उपलब्ध गराइने छ। सो का लागि विश्वविद्यालयको LMS सिस्टमलाई प्रयोग गरिने छ।

३.६ प्रवेश परीक्षाको नतिजा स्वचालित प्रणाली (Automated Grading) मार्फत प्रशोधन गरी विश्वविद्यालयको वेबसाइट र विद्यार्थीको Personal Dashbord मा प्रकाशन गरिने छ।

३.७ सफल भएका विद्यार्थीहरूले विषय छनोटका आधारमा Self-Course Enrollment प्रक्रिया सुरु गर्न पाउनेछन् । यसका लागि LMS मा 'Self-Enrolment Plugin' सक्रिय गरिने छ ।

३.८ विद्यार्थीहरूले आफ्नो रुचि र क्रेडिट आवर (Credit Hour) को सीमाभित्र रही विषयहरू आफै छनोट गर्न सक्नेछन् । प्रत्येक विषयको पाठ्यक्रम र प्रशिक्षकको विवरण Digital Catalog मा उपलब्ध गराइने छ ।

३.९ स्व-नामांकन (Self-Enrollment) प्रक्रिया पूरा गर्न विद्यार्थीलाई एक विशिष्ट Enrolment Key वा Access Token प्रदान गरिने छ, जसको प्रयोग गरी उनीहरूले सम्बन्धित भर्चुअल क्लासरुममा प्रवेश पाउनेछन् ।

३.१० विद्यार्थीको कागजात प्रमाणीकरण (Document Verification) को काम विश्वविद्यालयको केन्द्रीय भर्ना शाखा वा सम्बन्धित क्याम्पस वा विभागबाट अनलाइन माध्यमबाट नै गरिने छ र कुनै कैफियत देखिएमा फोन वा इमेलमार्फत सूचित गरिने छ ।

३.११ विदेशी विद्यार्थी वा फरक पृष्ठभूमिका विद्यार्थीका लागि विशेष Equivalence Verification र डिजिटल अन्तर्वार्ता (Video Interview) को व्यवस्था मिलाइने छ ।

३.१२ भर्ना र नामांकन प्रक्रियाका प्रत्येक चरणमा विद्यार्थीको मोबाइल र इमेलमा Automated Notifications र Confirmation Receipts पठाउने व्यवस्था गरिने छ ।

३.१३ यदि कुनै विद्यार्थीले झुटा विवरण पेश गरी स्व-नामांकन गरेको पाइएमा निजको नामांकन जुनसुकै समयमा रद्द गरी आवश्यक कानुनी कारबाही प्रक्रिया अगाडि बढाइने छ ।

३.१४ विद्यार्थीले छनोट गरेका विषयहरू परिवर्तन गर्न चाहेमा निश्चित समयावधि (Drop/Add Period) भित्र अनलाइनबाट विषय परिवर्तन गर्न पाउने सुविधा प्रदान गरिने छ ।

३.१५ नामांकन प्रक्रियाको अन्त्यमा प्रत्येक विद्यार्थीलाई एक Unique Permanent Enrollment Number र डिजिटल परिचयपत्र (e-ID Card) जारी गरिने छ ।

## परिच्छेद ४

### अनलाइन कक्षा संचालन तथा प्रत्यक्ष सम्पर्क कक्षा (Online Class and Contact Session)

४.१ साप्ताहिक अनलाइन कक्षाको मापदण्ड जसमा प्रत्येक विषयका लागि हप्तामा न्यूनतम ३ घण्टाको नियमित अनलाइन कक्षा सञ्चालन गरिनेछ ।

४.२ विद्यार्थीहरूको सिकाइमा पाठ्यक्रमले तोकेको कक्षा भार बराबरको घन्टा अनलाईन उपस्थिति सिस्टममा वा सिस्टम लगमा अनिवार्य हुनु पर्ने छ । जसमा प्रत्यक्ष सम्पर्क सत्रहरूको घन्टा समेत जोडन सकिने छ ।

४.३ साप्ताहिक अनलाइन कक्षाहरू लचिलो  रुप (Flexible Mode) मा सञ्चालन गरिनेछ । यसले  विद्यार्थीहरूले आफ्नो अनुकूलता र इन्टरनेटको उपलब्धता अनुसार सिकाइ क्रियाकलापमा सहभागी हुन पाउने सुनिश्चित गर्ने छ ।

४.४ प्रत्येक सेमेस्टरमा न्यूनतम तीनवटा प्रत्यक्ष सम्पर्क सत्रहरू (Contact Sessions) अनिवार्य रूपमा आयोजना गरिनेछ ।

४.५ पहिलो सम्पर्क सत्र (First Contact Sessions) कक्षा सुरु भएको पहिलो हप्तामा ६ देखि ९ घण्टाको सञ्चालन गरिनेछ। यस सत्रमा पाठ्यक्रमको उद्देश्य, प्रयोग गरिने प्रविधि र सेमेस्टरभरिको कार्ययोजनाबारे स्पष्ट पारिनेछ।

४.६ दोस्रो सम्पर्क सत्र (Second Contact Sessions) सेमेस्टरको मध्य भाग अर्थात् ८औं देखि ९औं हप्तामा अर्को ६ देखि ९ घण्टाको सञ्चालन गरिनेछ। यसले विद्यार्थीको हालसम्मको बुझाइलाई सुदृढ गर्ने र जटिल विषयवस्तुमाथि छलफल गर्ने अवसर प्रदान गर्नेछ।

४.७ तेस्रो सम्पर्क सत्र (Third Contact Sessions) सेमेस्टरको अन्त्यतिर अर्थात् १५औं हप्ता वा त्यसपछि ६ देखि ९ घण्टाको आयोजना गरिनेछ। यस सत्रलाई मुख्य रूपमा पाठ्यक्रमको पुनरावृत्ति र अन्तिम परीक्षाको तयारीको रूपमा प्रयोग गरिनेछ।

४.८ तीनवटै सत्रहरू मिलाउँदा एक विषयमा १८ देखि २७ घण्टाको प्रत्यक्ष अन्तर्क्रिया सुनिश्चित गरिनेछ। यसले अनलाइन र भौतिक शिक्षणको उचित सन्तुलन कायम गर्नेछ।

४.९ सम्पर्क सत्रहरूको समयलाई मुख्य रूपमा प्रयोगात्मक अभ्यास, समुह कार्य र विद्यार्थीका प्रस्तुतिहरूका लागि उपयोग गरिनेछ।

४.१० यी सम्पर्क सत्रहरूमा विद्यार्थीको उपस्थितिलाई अनिवार्य मानिनेछ। सत्रमा देखाइएको सक्रियता र सहभागितालाई आन्तरिक मूल्याङ्कनको अङ्कसँग जोड्ने व्यवस्था गरिनेछ।

४.११ अनलाइन कक्षा र सम्पर्क सत्रका क्रममा आइपर्ने इन्टरनेट वा विद्युत आपूर्ति देखिने प्राविधिक समस्याहरूलाई मध्यनजर गर्दै विकल्पहरू (जस्तै: रेकर्डिङ उपलब्ध गराउने) तयार गरिनेछन्।

**परिच्छेद ५: डिजिटल पाठ्यक्रम विकास (Digital Curriculum Mapping)**

५.१ परम्परागत पाठ्यक्रमलाई डिजिटल प्लेटफर्म अनुकूल साना र स्वतन्त्र 'मोडुलर ढाँचा' (Modular Format & Navigation) मा रूपान्तरण गरिनेछ। विद्यार्थीहरूलाई सिक्न सहज होस् भन्नका लागि स्पष्ट 'लर्निङ म्याप' र सरल नेभिगेसनको व्यवस्था गरिनेछ। यसका लागि बिषयको प्रकृति अनुसार डीन कार्यालयहरूले वा विश्वविद्यालयले मोडुलर ढाँचा वा खाका प्रदान गर्न सक्ने छ।

५.२ पाठ्यक्रम डिजाइन गर्दा 'ब्लुम्स डिजिटल ट्याक्सोनोमी' को प्रयोग अनिवार्य गरिनेछ। यसले विद्यार्थीहरूको सिकाइलाई तल्लो तहको स्मरण (Remembering) देखि उच्च तहको सिर्जना (Creating) सम्म पुऱ्याउन डिजिटल उपकरणहरूको सही प्रयोग सुनिश्चित गर्दछ।

५.३ कोर्स डिजाइन चार-चतुर्थांश शिक्षण दृष्टिकोण (Four Quadrant Approach) विधि अपनाइनेछ: पहिलो: भिडियो र अडियो लेक्चर, दोस्रो: डिजिटल अध्ययन सामग्री र ई-पुस्तक, तेस्रो: जिज्ञासा मेट्न 'डिस्कसन फोरम' वा विद्यार्थीहरूको सहभागिता हुने टुल , चौथो: अनलाइन क्विज र असाइनमेन्ट वा सोहि प्रकृतिका गतिविधीहरू।

५.४ मिश्रित र फ्लिप्ड सिकाइ (Blended & Flipped Learning): शिक्षणमा अनलाइन र भौतिक कक्षाको सन्तुलन (Blended Learning) मिलाइनेछ। साथै, विद्यार्थीले सामग्री घरमै अध्ययन गर्ने र कक्षामा छलफल गर्ने 'फ्लिप्ड क्लासरुम' सिकाइ (Flipped Classroom Learning) मोडेललाई प्राथमिकता दिइनेछ।

५.५ विद्यार्थीको सहभागिता बढाउन सक्रिय सिकाइ (Active Learning) रणनीतिहरू र समूहगत कार्य (Group Projects) लाई जोड दिइनेछ। सिकाइमा 'जिग्स स्ट्राटेजी' (Jigsaw Strategy) जस्ता सहयोगात्मक विधिहरू लागू गरिनेछ।

५.६ डिजिटल सामग्री निर्माण गर्दा आकर्षक ग्राफिक्स, एनिमेसन, भिडियो र इन्फोग्राफिक्स जस्ता बहु-माध्यमहरू (Interactive Multimedia) प्रयोग गरिनेछ।

५.७ प्रयोगात्मक पाठहरूका लागि पाठ्यक्रममा उपललब्ध भएसम्म भर्चुअल ल्याब र सिमुलेसन (Virtual Labs & Simulations) उपकरणहरूको प्रयोग अनिवार्य गरिनेछ। यसले भौतिक प्रयोगशालाको अभावमा पनि प्रयोगात्मक अनुभव प्रदान सहयोग गर्नेछ।

५.८ स्व-अध्ययन र एडप्टिभ सिकाइ (Self-Paced & Adaptive Learning): विद्यार्थीलाई आफ्नै गतिमा सिक्न 'सेल्फ-पेस्ड लर्निङ' (Self-Paced Learning) को सुविधा दिइनेछ। साथै, विद्यार्थीको सिक्ने क्षमताको आधारमा सामग्री प्रदान गर्ने 'एडप्टिभ लर्निङ' (Adaptive Learning) मोडेल लागू गरिनेछ।

५.९ पाठ्यक्रम विकासमा 'खुला शैक्षिक स्रोत' (Open Educational Resources) को अधिकतम प्रयोग गरिनेछ। डिजिटल स्रोतहरू प्रयोग गर्दा आधिकारिक लिङ्क र सन्दर्भहरू स्पष्ट रूपमा खुलाउनु पर्नेछ।

५.१० गेमिफिकेशन र ज्ञान परीक्षण (Gamification & Knowledge Checks) सिकाइलाई उत्साहजनक बनाउन 'गेमिफिकेशन' (Gamification) तत्वहरू थपिनेछ। प्रत्येक पाठको अन्त्यमा विद्यार्थीको बुझाइ जाँच्न 'नलेज चेक' (Gamification & Knowledge Checks) क्विजहरू राखिनेछ।

५.११ नियमित मूल्याङ्कनका लागि अनलाइन क्विज र असाइनमेन्ट तयार गरिनेछ। विद्यार्थीले बुझाएका कार्यहरूमा शिक्षकले तोकिएको समयभित्र डिजिटल पृष्ठपोषण (Feedback) दिनुपर्नेछ।

५.१२ शिक्षकले विद्यार्थीको प्रगति पहिचान गर्न 'लर्निङ एनालिटिक्स' (Learning Analytics) को प्रयोग गरी नियमित अनुगमन गर्नेछन्। यसले कुन विद्यार्थीलाई थप सहयोग चाहिन्छ भन्ने पहिचान गर्न मद्दत गर्नेछ।

५.१३ समावेशीकरण र पहुँच (Inclusion & Accessibility) लाई ध्यानमा राखी अपाङ्गता भएका विद्यार्थीहरूका लागि विशेष सामग्री तयार पारिनेछ। पहुँचयोग्य (Inclusion & Accessibility) डिजिटल सामग्रीमार्फत समावेशी सिकाइ वातावरण सुनिश्चित गरिनेछ।

५.१४ शिक्षकले साप्ताहिक सिकाइ योजना (Weekly Plan) र 'भर्चुअल अफिस आवर' मार्फत विद्यार्थीसँग व्यक्तिगत परामर्श गर्नुपर्नेछ। शिक्षकले आफ्नो कोर्सलाई एलएमएस (LMS) मा विश्वव्यापी मापदण्ड अनुसार व्यवस्थित गर्नुपर्नेछ।

५.१५ डिजिटल सामग्रीको प्रयोगमा प्रतिलिपि अधिकार (Copyright) सम्बन्धी नीतिको पालना गरिनेछ। पाठ्यक्रम विकासमा विषय विज्ञ, प्राविधिक र विद्यार्थीहरूको सामूहिक सहभागिता रहनेछ।

५.१६ पाठ्यक्रम विकास गर्दा 'क्वालिटी म्याटर्स' जस्ता अन्तर्राष्ट्रिय मापदण्डहरू पालना गरिनेछ। डिजिटल पाठ्यक्रमको प्रभावकारिता जाँच्न हरेक वर्ष पुनरावलोकन र अद्यावधिक गरिनेछ।

## परिच्छेद ६: LMS मा कोर्स डिजाइन र शिक्षकको भूमिका

६.१ बिषय शिक्षकले आफ्नो पाठ्यक्रमलाई विश्वव्यापी मापदण्ड अनुसार 'लर्निङ म्यानेजमेन्ट सिस्टम' (LMS) मा व्यवस्थित गर्नुपर्ने छ। यसका लागि पाठ्यक्रमलाई साना र प्रभावकारी 'मोड्युलर' ढाँचामा विभाजन गरी व्यवस्थित गरिनेछ।

६.२ कोर्स डिजाइन गर्दा 'चार-चतुर्थांश' विधि (Four Quadrant Approach) को अनिवार्य प्रयोग गरिनेछ। यस पद्धति मार्फत डिजिटल शिक्षणका सबै अवयवहरूलाई सन्तुलित रूपमा समेटिनेछ। पहिलो र दोस्रो चतुर्थांश अन्तर्गत शिक्षकले भिडियो, अडियो लेक्चर, ई-पुस्तक र केस स्टडी जस्ता सामग्रीहरू उपलब्ध गराउनुपर्ने व्यवस्था गरिनेछ। सिकाइ सामग्रीलाई थप प्रभावकारी बनाउन आकर्षक ग्राफिक्स, एनिमेसन र चित्रहरूको प्रयोग गरिनेछ। तेस्रो चतुर्थांश अन्तर्गत विद्यार्थीका जिज्ञासा मेट्न र विद्यार्थी र शिक्षकबीचको संवादलाई शिक्षकले 'डिस्कसन फोरम' लाई सक्रिय रूपमा सञ्चालन गर्नुपर्ने सुनिश्चित गरिनेछ।

६.३ चौथो चतुर्थांशमा विद्यार्थीको सिकाइ मापन गर्न अनलाइन क्विज र असाइनमेन्टहरू डिजाइन गरिनेछ। यसका साथै विद्यार्थीहरूलाई एलएमएसमा स्व-मूल्याङ्कन (Self-Assessment) उपकरणहरू समेत उपलब्ध गराइनेछ।

६.४ शिक्षकले प्रत्येक साताको सिकाइ योजना (Weekly Plan) कक्षा सुरु हुनुभन्दा अगाडि नै एलएमएसमा राख्नुपर्ने व्यवस्था मिलाइनेछ। यसले विद्यार्थीलाई पूर्व-तयारी गर्न मद्दत पुग्नेछ।

६.५ कक्षामा सहयोगात्मक वातावरण सिर्जना गर्न 'जिग्स स्ट्र्याटेजी' (Jigsaw Strategy) जस्ता शिक्षण विधिहरू अपनाइनेछ। साथै, विद्यार्थीहरूबीच एक-अर्काको कामको मूल्याङ्कन गर्ने 'सहकर्मी मूल्याङ्कन' (Peer Assessment) लाई प्रोत्साहन गरिनेछ।

६.६ अनलाइन कक्षाको समयमा विद्यार्थी कत्तिको सक्रिय जाँच्न पोल (Poll) र लाइभ क्विजहरूको प्रयोग गरिनेछ।

६.७ विद्यार्थीले बुझाएका कार्यहरूमा शिक्षकले तोकिएको समयभित्र डिजिटल माध्यमबाट पृष्ठपोषण वा प्रतिक्रिया दिनुपर्ने व्यवस्था गरिनेछ।

६.८ समूहगत छलफलका अतिरिक्त शिक्षकले नियमित रूपमा 'भर्चुअल अफिस आवर' तोकी विद्यार्थीसँग व्यक्तिगत परामर्श गर्नुपर्ने प्रावधान राखिनेछ।

६.९ शिक्षकद्धारा विद्यार्थीको सिकाइ प्रगतिको अवस्थालाई 'लर्निङ एनालिटिक्स' सफ्टवेयर मार्फत निरन्तर अनुगमन गरिने छ।

६.१० डिजिटल सामग्री वा बाह्य स्रोतहरू प्रयोग गर्दा शिक्षकले अनिवार्य रूपमा आधिकारिक लिङ्क र सन्दर्भहरू (References) उल्लेख गर्नुपर्नेछ।

६.११ अपाङ्गता भएका विद्यार्थीहरूका लागि पहुँच सुनिश्चित गर्न शिक्षकले भिडियोको ट्रान्सक्रिप्ट जस्ता विशेष सिकाइ सामग्रीहरू तयार गर्नुपर्नेछ।

**परिच्छेद ७: मूल्यांकन प्रक्रिया र डिजिटल प्रणालीमा अंक विभाजन**

७.१ विद्यार्थीको मूल्यांकन निष्पक्ष, पारदर्शी र निरन्तर रूपमा गर्ने गरी सुनिश्चित गरिनेछ। कुल पूर्णाङ्कको ५० प्रतिशत आन्तरिक र ५० प्रतिशत अन्तिम परीक्षाका लागि भार निर्धारण गरिनेछ, जसलाई विश्वविद्यालयको केन्द्रीय परीक्षा प्रणालीसँग एकीकृत गरिनेछ।

७.२ विद्यार्थीको सिकाइलाई मापन गर्न हाजिरी, अनलाइन क्विज, डिस्कसन फोरम र अनलाइन पोर्टफोलियो (Portfolio) विकासलाई मुख्य आधार मानिनेछ। यस प्रक्रियामा विद्यार्थीको स्व-मूल्यांकन/ प्रतिविम्वन र सहकर्मी मूल्यांकनलाई समेत स्थान दिइनेछ।

७.३ अनलाइन परीक्षाको विश्वसनीयता कायम गर्न प्रविधिमा आधारित निगरानी  परीक्षा (Proctored Examination) र बायोमेट्रिक प्रमाणीकरण प्रणाली अपनाइनेछ। परीक्षाको समयमा हुने सक्ने प्राविधिक अनियमितता रोक्न 'परीक्षण लग' (Audit Logging) को व्यवस्था मिलाइनेछ।

७.४ असाइनमेन्ट बुझाउँदा हुने बौद्धिक चोरी (Plagiarism) नियन्त्रण गर्न विशिष्ट सफ्टवेयरमार्फत अनिवार्य जाँच गरिनेछ। मूल्यांकनले विद्यार्थीको कण्ठ गर्ने क्षमता भन्दा तार्किक क्षमता र समस्या समाधान गर्ने कौशललाई विशेष महत्त्व दिनेछ।

७.५ प्रत्येक असाइनमेन्ट र परीक्षाको मूल्यांकनका लागि शिक्षकद्धारा स्पष्ट 'मार्किङ रुब्रिक्स' तयार गरी विद्यार्थीलाई पूर्व-जानकारी गराइनेछ।

७.६ इन्टरनेटको पहुँचमा समस्या, विद्युत् अवरोध वा अन्य गम्भीर प्रविधिजन्य चुनौतीका कारण परीक्षामा बाधा पुगेमा, नियम अनुसार विद्यार्थीलाई पुनः परीक्षा (Re-test) दिने उचित व्यवस्था मिलाइनेछ।

७.७ आन्तरिक मूल्यांकनको नतिजा र रचनात्मक प्रतिक्रिया निर्धारित समयभित्रै एलएमएस (LMS) मार्फत प्रदान गरिनेछ। अन्तिम नतिजा पश्चात् विद्यार्थीले अनलाइन पोर्टलबाटै आफ्नो डिजिटल ग्रेडसिट (Grade Sheet) प्राप्त गर्ने व्यवस्था गरिनेछ।

७.८ अनलाइन टेस्टहरूमा बहु-वैकल्पिक प्रश्न (MCQs) का साथै विषयगत र प्रयोगात्मक प्रश्नहरू पनि समावेश गरिनेछ। प्रयोगात्मक विषयको हकमा भर्चुअल ल्याब रिपोर्ट र भिडियो प्रदर्शनलाई मूल्यांकनको आधार मानिनेछ।

७.९ मूल्यांकनका क्रममा विद्यार्थीले प्राप्त गरेका अङ्कहरू र व्यक्तिगत विवरणहरूको पूर्ण सुरक्षा तथा गोपनीयता कायम राखिनेछ। अनधिकृत पहुँचबाट बचाउन डाटा इन्क्रिप्सन र सुरक्षित सर्भरको प्रयोग गरिनेछ।

७.१०  अन्तिम परीक्षा आवश्यकता अनुसार तोकिएको भौतिक केन्द्रमा वा प्रविधि प्रयोग गरी घरबाटै सुरक्षित 'प्रोक्योर्ड मोड' मा लिन सकिने लचिलो व्यवस्था निर्देशिकामा समावेश गरिनेछ।

## परिच्छेद ८: प्रयोगात्मक कार्य सञ्चालन

८.१ पाठ्यक्रमको प्रकृति अनुसार प्रयोगात्मक र सीपमूलक विषयहरूलाई वर्गीकरण गरिने छ। सैद्धान्तिक ज्ञानको व्यवहारिक प्रयोग सुनिश्चित गर्न प्रत्येक प्रयोगात्मक पाठ्यक्रमको विशिष्ट कार्यविधि निर्धारण गरिने छ।

८.२ प्रयोगात्मक अभ्यासहरूलाई मुख्य रूपमा तेस्रो सम्पर्क सत्र (Third Contact Session) मा केन्द्रित गरिने छ।

८.३ प्रत्येक प्रयोगात्मक क्रियाकलापलाई डिजिटल पाठ्यक्रमको खाकामा स्पष्ट रूपमा म्यापिङ गरिने छ। यस अन्तर्गत कुन प्रयोगात्मक कार्यका लागि कुन डिजिटल उपकरण, सिमुलेसन वा प्रयोगशाला प्रयोग गर्ने भन्ने कुराको पूर्व-निर्धारण गरिने छ।

८.४ अनलाइन माध्यमबाट प्रयोगात्मक कार्य सञ्चालन गर्दा उक्त सत्रको भिडियो क्लिप, डिजिटल हाजिरी र लग फाइलहरू (Log Files) अनिवार्य रूपमा सुरक्षित राखिने छ। यस्ता प्रमाणहरूलाई आन्तरिक तथा बाह्य मूल्याङ्कनको मुख्य आधार मानिने छ।

८.५ प्रयोगात्मक परीक्षाको गुणस्तर र निष्पक्षताका लागि आन्तरिक शिक्षकका साथै अनिवार्य रूपमा बाह्य परीक्षक (External Examiner) नियुक्त गरिने छ। प्रयोगात्मक परीक्षा भौतिक रूपमा वा अनलाइन 'प्रोक्योर्ड मोड' मा सञ्चालन गरिने छ।

## परिच्छेद ९: अनुगमन, मूल्याङ्कन र व्यवस्थापन समिति

९.१ अनलाइन र मिश्रित शिक्षा कार्यक्रमको गुणस्तर कायम राख्न रजिस्ट्रारको अध्यक्षतामा ७ सदस्य एक उच्चस्तरीय 'व्यवस्थापन समिति' रहनेछ।

अध्यक्ष: रजिस्ट्रार, सुदूरपश्चिम विश्वविद्यालय

सदस्य : डीनहरू मध्ये ३ जना

सदस्य: क्याम्पस प्रमुख/विभाग प्रमुख मध्येबाट २ जना

सदस्य: निर्देशक, पाठ्यक्रम विकास केन्द्र

सदस्य: सूचना प्रविधि विज्ञ (रजिस्ट्रारले तोकेको)

९.२ सुदूरपश्चिम विश्वविद्यालयको शिक्षा शास्त्र संकायको डीन वा विश्वविद्यालयले तोकेको पदाधिकारीलाई यस समितिको सदस्य सचिवका रूपमा कार्य गर्ने व्यवस्था मिलाइनेछ।

९.३ यो समितिले शैक्षिक नीति तर्जुमा गर्ने, बजेट विनियोजन गर्ने र गुणस्तर अडिट गर्ने मुख्य भूमिका निर्वाह गर्नेछ। प्रत्येक सेमेस्टरमा कम्तीमा दुई पटक कार्यक्रमको समग्र समीक्षा गरी आवश्यक सुधारका कदमहरू चालिनेछ।

९.४ शिक्षकले आफ्नो कोर्सको सिकाइ प्रगति र विद्यार्थीको सहभागिताका बारेमा साप्ताहिक रूपमा निर्देशकलाई प्रतिवेदन बुझाउनुपर्ने प्रावधान राखिनेछ। यस्ता रिपोर्टहरूलाई डिजिटल अभिलेखमा सुरक्षित राखिनेछ।

९.५ विद्यार्थीको सक्रियता र सिकाइको स्तर मापन गर्न एलएमएस (LMS) बाट प्राप्त हुने 'एनालिटिक्स डेटा' को प्रयोग गरिनेछ। विद्यार्थीको 'ड्रप-आउट' दर कम गर्न अनुगमन संयन्त्रले 'अर्ली वार्निङ सिस्टम' (Early Warning System) लागू गर्नेछ।

९.६ अनुगमन समितिले क्याम्पस र विभागहरूको भौतिक तथा डिजिटल पूर्वाधारको नियमित निरीक्षण गर्नेछ। कार्यक्रममा आइपर्ने प्राविधिक र शैक्षिक समस्याहरू तत्काल समाधान गर्न एक 'द्रुत कार्य टोली' (Rapid Response Team) परिचालन गरिनेछ।

९.७ डिजिटल सामग्रीको गुणस्तर मापनका लागि छुट्टै 'कन्टेन्ट रिभ्यु कमिटी' गठन गरिनेछ। कार्यक्रमको पारदर्शिता र विश्वसनीयताका लागि बाह्य विज्ञहरूबाट समय-समयमा 'थर्ड पार्टी अडिट' गराउने व्यवस्था गरिनेछ।

९.८ प्रत्येक कोर्सको अन्त्यमा 'विद्यार्थी सन्तुष्टि सर्वेक्षण' सञ्चालन गरिनेछ। साथै, अनलाइन सिकाइका क्रममा हुने समस्या र गुनासाहरू सम्बोधन गर्न एक प्रभावकारी 'अनलाइन गुनासो सुनुवाइ संयन्त्र' विकास गरिनेछ।

९.९ अनुगमन प्रतिवेदनको आधारमा उत्कृष्ट प्रदर्शन गर्ने शिक्षक र क्याम्पस/ विभागलाई पुरस्कृत गरिनेछ। कमजोरी पाइएका क्षेत्रमा सुधारका लागि लिखित निर्देशन दिनुका साथै आवश्यक पुनर्ताजगी तालिमको व्यवस्था मिलाइनेछ।

९.१० अनुगमन प्रक्रियालाई थप समावेशी बनाउन विद्यार्थी प्रतिनिधिलाई पनि सहभागी गराइनेछ। समितिले अनलाइन शिक्षा सम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय मापदण्डहरूसँगको तालमेल सुनिश्चित गर्दै प्रत्येक वर्ष विश्वविद्यालय सभामा वार्षिक प्रगति प्रतिवेदन पेश गर्नेछ।

९.११ समितिले शिक्षक र विद्यार्थीबीचको अन्तर्क्रियाको स्तरलाई निरन्तर निगरानी गर्नेछ। शिक्षण सिकाइ प्रक्रियालाई प्रभावकारी बनाउन विश्वविद्यालयले तोकेका प्राविधिक र शैक्षिक मापदण्डहरूको पूर्ण पालना सुनिश्चित गर्ने छ।

## परिच्छेद १०: शिक्षक क्षमता विकास र मानव संसाधन

१०.१ अनलाइन तथा मिश्रित शिक्षा कार्यक्रममा संलग्न हुने शिक्षकको न्यूनतम शैक्षिक योग्यता सहायक प्राध्यापक वा सोभन्दा माथि हुनुपर्ने सुनिश्चित गरिनेछ। शिक्षकले भिडियो लेक्चर निर्माण, अडियो सम्पादन र एलएमएस (LMS) व्यवस्थापनमा आधारभूत दक्षता हासिल गरेको हुनुपर्ने व्यवस्था मिलाइनेछ।

१०.२ नयाँ नियुक्त हुने शिक्षकहरूका लागि 'डिजिटल सिकाइ व्यवस्थापन' सम्बन्धी अनिवार्य अभिमुखीकरण तालिम प्रदान गरिनेछ। शिक्षकको डिजिटल दक्षता मापन गर्न एक 'सक्षमता ढाँचा' (Competency Framework) तयार गरी सोही आधारमा कार्यसम्पादन मूल्याङ्कन गरिनेछ।

१०.३ शिक्षकहरूलाई 'अपस्किलिङ' (Upskilling) र 'रिस्किलिङ' (Reskilling) गर्न नियमित कार्यशालाहरू सञ्चालन गरिनेछ। यस अन्तर्गत अत्याधुनिक डिजिटल उपकरण र सफ्टवेयर चलाउन विशेष प्रयोगात्मक तालिमको व्यवस्था गरिनेछ।

१०.४ प्रत्येक संकायमा कम्तीमा एक जना पूर्णकालीन 'डिजिटल पेडागोजी विज्ञ' र प्रत्येक विभागमा प्राविधिक सहयोगका लागि सूचना प्रविधि सहायक (IT Assistants) खटाइनेछ। साथै, डिजिटल शिक्षाका लागि आवश्यक प्राविधिक जनशक्तिको स्थायी दरबन्दी सिर्जना गरिनेछ।

१०.५ अनलाइन कोर्स डिजाइन गर्ने शिक्षकहरूलाई थप प्रोत्साहन भत्ता वा कार्यभार (Workload) मा सहुलियत दिइने नीति लिइनेछ। दुर्गम क्षेत्रका क्याम्पसमा कार्यरत शिक्षकहरूका लागि डिजिटल सिकाइमा संलग्न हुन विशेष प्रोत्साहन प्याकेजको व्यवस्था गरिनेछ।

१०.६ विश्वविद्यालयले आफ्नै 'शिक्षक विकास केन्द्र' मार्फत अनलाइन शिक्षण विधिहरूको निरन्तर अनुसन्धान गर्नेछ। शिक्षकहरूबीच अनुभव र असल अभ्यासहरू साटासाट गर्न एक 'सिकाइ समुदाय' (Learning Community) स्थापना गरिनेछ।

१०.७ शिक्षकहरूलाई अन्तर्राष्ट्रिय अनलाइन MOOC प्लेटफर्महरू (जस्तै Coursera, edX) मार्फत विशेषज्ञता हासिल गर्न सुविधा प्रदान गरिने छ। साथै, प्रभावकारी शिक्षणका लागि शिक्षकहरूलाई 'मेन्टरिङ' र 'कोचिङ' तालिम प्रदान गरिनेछ।

१०.८ शिक्षकहरूले आफ्ना सिकाइ सामग्रीहरूलाई समयसापेक्ष रूपमा नियमित परिमार्जन (Update) गर्नुपर्नेछ। विद्यार्थीहरूलाई अनलाइन माध्यमबाट प्रभावकारी परामर्श (Online Counselling) दिन सक्ने गरी शिक्षकको क्षमता विकास गरिनेछ।

१०.९ बाह्य विज्ञहरूलाई 'भिजिटिङ फ्याकल्टी' को रूपमा आमन्त्रण गरी आन्तरिक शिक्षकहरूको क्षमता अभिवृद्धि गरिनेछ। यसले स्थानीय अनुभवलाई विश्वव्यापी ज्ञानसँग जोड्न मद्दत पुऱ्याउनेछ।

१०.१० विद्यार्थीहरूको डिजिटल साक्षरता अभिवृद्धिका लागि प्रत्येक सेमेस्टरको सुरुमा डिजिटल साक्षरताका विशेष कक्षा सञ्चालन गरिनेछ।

१०.११ शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्दा विद्यार्थीको प्रतिक्रिया र अनलाइन सक्रियतालाई मुख्य आधार मानिनेछ।